आज मितिः२०७६।०८।३० गतेका दिन यस बाणगंगा नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरुमाथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिथी रहेको छ ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णू गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कूमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | |
| २२ | बाबुराम भट्टराई | सदस्य सचिव | |

Scanned by CamScanner

बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

५ नं. प्रदेश, कपिलवस्तु नेपाल

मितिः २०७६।०८।३०

**कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः-**

१. विशेष अनुदान तर्फका आयोजना प्रस्ताव गर्ने सम्बन्धमा (आर्थिक मामिला तथा योजना मन्त्रालय)
२. हेमराज मा.वि हथौसालाई प्राविधिक शिक्षा सन्चालनको लागि अनुमति दिने सम्बन्धमा।
३. शितलहर अनुकुलन व्यवस्थापन सम्बन्धमा
४. पिपरा अस्पताल विकास समिति गठन गर्ने सम्बन्धमा
५. संस्थालाई अनुमती दिने सम्बन्धमा
६. कपिलवस्तु महोत्सव सम्बन्धमा
७. मेलमिलापकर्ता सम्बन्धी कार्यविधि निर्माण सम्बन्धमा
८. योजना संसोधनको लागि सिफारिस गर्ने सम्बन्धमा

निर्णय नं. १. आर्थिक मामिला तथा योजना मन्त्रालय ५ नं. प्रदेशबाट विशेष अनुदानतर्फका आयोजना रु.७०लाख बजेटको परिधिभित्र रही १ वा २ योजना प्रस्ताव गरि माग गरिएकोले निम्नानुसारका योजनाहरुको लागत अनुमान सहित प्रस्ताव माग गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने निर्णय गरियो।

**तपसिल**

| सि.न | योजनाको नाम | बजेट (रु.हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | चम्कीपुर ठाटी सडक कालोपत्रे | ३५०० | |
| २ | सिद्धिपुर मर्थी कुलो हुँदै हरिहरपुर जोड्ने सडक कालोपत्रे मर्थी | ३५०० | |

निर्णय नं. २. हेमराज मा.वि. हथौसाबाट प्राविधिक धारतर्फ सिविल ईन्जिनियरिङ्ग बिषय संचालन गर्न अनुमतिको लागि माग भई आएकोले उक्त प्राविधिक धारका विषयहरु संचालन गर्न सरकारी अनुदान प्राप्त नभएको खण्डमा आवश्यक पर्ने स्रोत साधनको व्यवस्था विद्यालयले मिलाउने गरि अनुमति दिने निर्णय गरियो।

निर्णय नं. ३ जाडो मौसमको शितलहर लगायत अन्य प्रकारको सम्भाव्य प्रकोपहरुबाट सुरक्षित रहन पूर्वतयारीको लागि आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गर्न विभिन्न संघसंस्था, सामुदायिक वनहरुसंग समन्वय गरि निर्णय लिन विपद् व्यवस्थापन समितिलाई जिम्मेबारी दिने निर्णय गरियो ।

निर्णय नं. ४ अस्पताल व्यवस्थापनको लागि हाल ऐन, कानूनहरु नबनिसकेको ले अर्को व्यवस्था नहुँदा सम्मको लागि नगर प्रमुख ज्यूको संयोजकत्वमा निम्नानुसारको तदर्थ समिति गठन गर्ने निर्णय गरियो ।

**पिपरा अस्पताल व्यवस्थापन तदर्थ समिति**

| | | |
|---|---|---|
| मंगल प्रसाद थारु | - नगर प्रमुख | अध्यक्ष |
| चक्रपाणी अर्याल | - नगर उपप्रमुख | सदस्य |
| | - प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| भिष्मराज भुसाल | - सामाजिक विकास समिति संयोजक | सदस्य |
| बिष्णुप्रसाद पौडेल | - वडा नं. २ अध्यक्ष | सदस्य |
| बालकुमारी पन्त | - वडा नं. १ अध्यक्ष | सदस्य |
| | - मेडिकल सुपरीटेन्डेन्ट | सदस्य सचिव |

Scanned by CamScanner

निर्णय नं. ५ कपिलवस्तु ईन्टीग्रेटेड डेबलपमेन्ट सर्भिसेज-प्रोजेक्ट (KIDS) संस्थाबाट PSI/Nepal को सहयोगमा यस बाणगंगा नगरपालिकामा किशोरकिशोरी स्वास्थ्य तथा परिवार नियोजन सेवा पहुँचमा बृद्धि परियोजना संचालन गर्ने अनुमती माग भई आएकोले सामाजिक विकास समितिको सिफारिस अनुसार उक्त KIDS संस्थालाई सो कार्यक्रम यस नगरपालिकामा संचालन गर्नको लागि अनुमती दिने निर्णय गरियो।

निर्णय नं. ६ बाणगंगा वेयलफेयर सोसाईटीको आयोजनामा संचालन भई रहेको ११औं कपिलवस्तु महोत्सवको लागि आर्थिक सहयोग माग भई आएकोले उक्त वेयलफेयर सोसाईटीबाट कुनै पूर्वाधार निर्माणको लागि प्रस्वाव पेश भएमा रु.५ लाख सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं.७ यस नगरपालिका अन्तर्गत न्यायीक समितिमा आउने उजुरीहरुको विवाद निरूपणको माध्ययम द्वारा मेलमिलाप गराउनको लागि कार्यविधि तयार गर्न न्यायीक समितिलाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं.८ जिल्ला समन्वय समिति कपिलवस्तुबाट जि.स.स.को मौज्दात रकमबाट बाणगंगा नगरपालिकाको लागि छनौट भएका निम्नानुसारका योजनाहरु संसोधनको लागि को जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने निर्णय गरियो।

**तपसिल**

| सि.नं. | योजनाको नाम | परिवर्तन गर्नुपर्ने | कारण |
|---|---|---|---|
| १ | आर्टिजन बोरिङ थान ५० वटा वडा नं. ५ कोपवा | हैण्डपम्प ५० थान जडान वडा नं. ५ कोपवा | बिनियोजित कूल लागतमा ५० थान आर्टिजन बोरिङ निर्माण हुन नसक्ने। |
| २ | पदमपुर मैरि मैनहवा मर्थी ओदारी थान २० आर्टिजन बोरिङ | पदमपुर मैरि मैनहवा मर्थी ओदारी हैण्डपम्प २० थान जडान | बिनियोजित कूल लागतमा ५० थान आर्टिजन बोरिङ निर्माण हुन नसक्ने। |
| ३ | वडा नं. १० मा आर्टिजन बोरिङ ५० थान | वडा नं. १० मा हैण्डपम्प जडान ५० थान | बिनियोजित कूल लागतमा ५० थान आर्टिजन बोरिङ निर्माण हुन नसक्ने। |

Scanned by CamScanner